## खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी
## नेपाल आयल निगम लिमिटेडको

# अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम लिमिटेड अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१) सिलिण्डर ल्याउँदा/लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर/घोप्टाएर प्रयोग नगरौं ।

२) रेगुलेटर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।

३) काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

४) खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

### ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ । ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।

२) झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरू जस्तै ग्यास चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।

३) ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाइ सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास बिक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

**"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"**

उपभोक्ताको जनहितका लागि जारी

## नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१